# नगरवासिहरुमा मन्थली नगरपालिकाको अनुरोध

१) घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं।

२) घर निर्माण गर्दा अनिवार्य रुपमा भूकम्प प्रतिरोधी हुने गरी निर्माण गरौं ।

३) घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं।

४) सार्वजनिक जग्गा, पोखरी, वन, कुलो, सडक, खोल्सा आदि व्यक्तिगत प्रयोजनको लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं।

५) घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्टयाएर राखौं। कुहिने फोहोरबाट घरमै मल बनाऔं।

६) हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ। आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं।

७) जथाभावी रुपमा अव्यवस्थित तरिकाले घरको छतबाट सडक तर्फ राखिएका पाईपहरु हटाउँ र व्यबस्थित तरिकाले पाईपबाट पानी निकास गर्ने गरौं।

८) सेफ्टी ट्याङ्कीको राम्रो व्यवस्थापन गरौं।

९) सवै टोल सुधार समितिहरुको क्षेत्र भित्र रहेका सडक तथा नालीहरुको नियमित सरसफाई गर्ने गरौ।

१०) सडक आसपास भवन निर्माण गर्दा सडकको क्षेत्राधिकार नमिचौं सडक तथा नाली लाई असर पर्ने गरी निर्माण सामाग्री भण्डारण नगरौ र भवन निर्माण सम्पन्न पश्चात भवन अगाडिको सडक तथा नाली अनिवार्य रुपमा सरसफाई गरी पूर्ववत रुपमा सुचारु गरौ ।

११) कुनै पनि बेला बाढी पहिरोबाट हुन सक्ने विपदबाट जोगिन खोला, नदी तथा पहिरोको जोखिम भएका स्थान आसपास विना अध्ययन र अनुमति घर टहरा निर्माण नगरौ ।

*थप जानकारीका लागी म.न.पा मा सम्पर्क गरौं ।*

फोन ०४८-५४०११२